# प्रदेश लोक सेवा आयोग

**मधेश प्रदेश**
जनकपुरधाम, धनुषा, नेपाल
(प्रशासन शाखा)

E.mail Address: info.ppsc@p2.gov.np
Tel: - 041-590247,

---

प.सं.२०८१/८२
च.नं. २४६

मितिः२०८१।०८।०४

श्री गोडैता नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोडैता, सर्लाही
मधेश प्रदेश, नेपाल।

<u>विषयः- आश्यक निर्देशन पठाईदिने सम्वन्धमा।</u>

उपरोक्त सम्बन्धमा तहाँको प.सं.२०८१।८२ च.नं.५७२ मिति २०८१।०७।२९ को पत्रानुसार माग भएको परामर्शको सम्बन्धमा देहाय बमोजिम आयोगको मिति २०८१।०८।०४ मा निर्णय भएको व्यहोरा निर्णय बाटै अवगत गर्नु भै आवश्यक कारवाही अगाडी वढाउनु हुन अनुरोध छ।

<u>निर्णय नं. १</u>

प्रस्तुत विषयमा "पदाधिकार रहेको कार्यालय वाट नै स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा (४)को उपदफा(६) को प्रावधान अनुसार ऐन को मर्म र भावना बमोजिम एक पटक का लागि एक तह स्तर वृद्धि गर्ने कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने " परामर्श दिने।

<u>निर्णय नं. २</u>

प्रस्तुत विषयमा "स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ उपदफा (४) बमोजिम तह वृद्धिका लागि सबै योग्यता पुरा गरेको मिति वाट ज्येष्ठता कायम हुने गरि कम्तीमा एक महिना आगावै सुचना प्रकाशन गरि पौष र अषाढ महिनामा ऐन को दफा २९ को उपदफा (१) र (२)को प्रावधान अनुसार उक्त ऐनको मर्म र भावना बमोजिम सोही ऐन को उपदफा (५) मा तोकिए बमोजिमको तह वृद्धि सिफारिश समिति लगायत को सम्पुर्ण प्रकृया पुरा गरि पदाधिकार रहेके कार्यालय वाट तह वृद्धि /स्तर वृद्धि सम्वन्धि कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने "परामर्श दिने।

(चिरन्जीवी गौतम)
नि.सचिव